नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय भक्तपुर

☎ 01-5918532
हु.स नं. : 30702
Email: dpobkt@gmail.com

## सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

सूचना नं. १
प्रथम पटक प्रकाशित मिति २०८२।०३।०३

यस कार्यालयमा रहेका विवरण बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सातौ दिनभित्र(मिति २०८२।०३।०९ गते दिउँसो १२ बजे) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी सहित निवेदन दिनहुन यो लिलाम बढाबढ आव्हान गरिएको छ ।लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रू. ११४,२९०।-( अक्षेरुपी एक लाख चौध हजार दुई सय नब्बे रुपैयाँ)।

१) निवेदन दिनुपर्ने अन्तिम समयः मिति २०८२।०३।०९ गते दिउँसो १२ बजे

२) लिलाम बढाबढ हुने स्थान, समय र मिति

क) स्थानः जिल्ला हुलाक कार्यालय भक्तपुर ख) मितिः २०८२।०३।०९ गते ग) समयः दिउँसो २ बजे

३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरू हुनेछ ।

४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु को ५% ले हुने नगद धरौटी राख्नुपर्नेछ ।

५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।

६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान तथा सोको विवरण हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११ बजेदेखि २ बजेसम्म कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता गएको मितिले २ दिनभित्र उठाई लैजानु पर्नेछ ।

८) लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

हुलाक अधिकृत